म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

वर्ष:१४ अङ्क:- १६० २०८० वैशाख २१ गते बिहीबार 4 May 2023, Thursday - पृष्ठ ४ मूल्य रू. ५/-

• मदिरा तथा सुर्तिजन्य पदार्थ स्वास्थ्यका लागि हानिकारक छन् ।
• यस्ता वस्तुको उपभोग नगरौं /नगराऔं ।
• मदिरा तथा सुर्तिजन्य पदार्थको विज्ञापन गर्न नपाइने कानूनी व्यवस्था छन् ।
• कानूनको पूर्णरुपमा पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## शिक्षकका छोराछोरी सामुदायिक विद्यालयमा

जमुना थिङ

हेटौंडाः बागमती प्रदेशको राजधानी हेटौंडा उपमहानगरभित्र रहेका सामुदायिक विद्यालयहरुमा जनप्रतिनिधिदेखि शिक्षकहरुको छोराछोरी पढिरहेका छन् । विगत केही वर्षदेखि जनप्रतिनिधि, प्रधानाध्यापक, शिक्षक र कर्मचारीहरुले आफ्ना छोराछोरीलाई सामुदायिक विद्यालयमा भर्ना गरेर पढाइरहेका हुन् ।

जिल्ला समन्वय समिति (जिसस) मकवानपुरका प्रमुख ललित घलानका छोरा आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयको कक्षा ७ मा अध्ययनरत् छन् । कक्षा ५ मा भर्ना भई जिसस प्रमुख घलानका छोरा अहिले कक्षा ७ मा अध्ययनरत् रहेको आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयका प्रधानाध्यापक रामसागर गुरागाईंले जानकारी दिनुभयो ।

हेटौंडा १ का वडा सदस्य ईश्वरी र साइलीकी छोरा पनि आधुनिकमै कक्षा ९ मा अध्ययनरत् छन् । राक्सिराङ गाउँपालिका–५ का वडा अध्यक्षका छोरा पनि कक्षा ५ मा अध्ययनरत् रहेको प्रधानाध्यापक गुरागाईंले जानकारी दिनुभयो । हेटौंडा–४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयका पूर्वप्रधानाध्यापकले २०५६ सालमा आफ्ना छोराछोरीलाई सामुदायिक विद्यालयमा पढाउनुभएको थियो । विद्यालयका प्रधानाध्यापक गुरागाईंले पनि यसअघि आफ्नो छोरीलाई सामुदायिक विद्यालयमा पढाउनुभएको बताउनुभयो ।

आधुनिक राष्ट्रिय माविमा अध्यापनरत अधिकांश शिक्षकहरुले आफ्ना छोराछोरीलाई सोही विद्यालयमा पढाइरहेका छन् । विद्यालयका शिक्षक रुपा दाहालकी छोरा कक्षा ८ मा, उमा ढुंगानाकी छोरी कक्षा ९ मा र पदमप्रसाद पौडेलका छोरी पनि कक्षा ९ मा अध्ययनरत् छन् । यसैगरी शिक्षक अभयकुमार कर्णाका छोरी कक्षा–९ मा र लक्ष्मी खनालकी छोरा कक्षा–१० मा अध्ययनरत् छन् ।

विद्यालयको निजी स्रोततर्फ बालविकास केन्द्रकी सहयोगी माया लामाकी छोरी पनि कक्षा १ मा अध्ययनरत् छन् । विद्यालयमा ३५ जना दरबन्दीतर्फका शिक्षक र २८ जना निजी स्रोततर्फका शिक्षक रहेका छन् । दरबन्दीतर्फका अधिकांश शिक्षकका छोराछोरीले विद्यालय तह पूरा गरिसकेको र निजी स्रोततर्फका धेरै अविवाहित रहेको प्रधानाध्यापक गुरागाईंको भनाई छ । विद्यालयमा २ हजार ४ सय ८ जना विद्यार्थी अध्ययनरत् छन् ।

यस्तै, हेटौंडा–४ मै रहेको भूटनदेवी माध्यमिक विद्यालयका सहायक प्रधानाध्यापक वेदराज कोइराला र भरत पोखरेलका छोरीहरु पनि सोही विद्यालयमै अध्ययनरत् रहेका छन् । कोइरालका छोरी कक्षा–८ मा र पोखरेलका छोरी कक्षा–९ मा अध्ययनरत् छन् । शिक्षक सरस्वती अधिकारीकी छोरी कक्षा–६ मा अध्ययनरत् छिन् । अधिकारीले यसअघि निजी विद्यालयमा छोरीलाई पढाउँदै आउनुभएको थियो । चालु शैक्षिक सत्रदेखि अधिकारीले आफ्नो छोरीलाई आफू अध्यापनरत् सामुदायिक विद्यालयमै भर्ना गर्नुभएको हो ।

विद्यालयका शिक्षक श्याम बजागाईंका छोरी कक्षा १० मा र छोरा कक्षा ३ मा अध्ययनरत् रहेका छन् । शिक्षक संगीता गौतमकी छोरी कक्षा–९ मा र देवकी खतिवडाकी छोरी कक्षा–१० मा अध्ययनरत् रहेका छन् ।

हेटौंडा उपमहानगरपालिकाका सामाजिक विकास अधिकृत भैरब कुमालका छोराछोरी भूटनदेवीकै कक्षा–९ मा अध्ययनरत् छन् । यस्तै, विद्यालयका कर्मचारी रामबहादुर गोलेका छोरी कक्षा ७ मा र छोरा कक्षा ३ मा अध्ययनरत् छन् । यसअघि विद्यालयका प्रधानाध्यापक माधव दाहाल र शिक्षक पुरुषोत्तम आचार्यका छोराछोरीले पनि भूटनदेवी माध्यमिक विद्यालयबाटै विद्यालय तह उत्तीर्ण गरेका थिए । विद्यालयका प्रधानाध्यापक दाहालले ५ वर्षभित्र सबै शिक्षकका छोराछोरी सबै सामुदायिक विद्यालय आउने दावी गर्नुभयो ।

यसैगरी, हेटौंडा–९ मा रहेको प्रगति माध्यमिक विद्यालयमा अध्यापनरत ५ जना शिक्षक तथा कर्मचारीहरुले आफ्ना छोराछोरीलाई सामुदायिक विद्यालयमा पढाउनुभएको छ । माध्यमिक संयोजक ज्योति न्यौपानेका छोरा कक्षा १ मा, सहायक

*...बाँकी पृष्ठ ३ मा*

## पत्रकार संगठनलाई दिइने अनुदानमा गम्भीर छौं: मन्त्री श्रेष्ठ

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारका आन्तरिक ममिला तथा कानुन मन्त्री गंगानारायण श्रेष्ठले पत्रकार संगठनहरुलाई दिने अनुदान रकमका विषयमा आफू गम्भीर रहेको बताउनुभएको छ । विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा बुधबार मन्त्रालयमा सञ्चारकर्मीसँग कुराकानी गर्नुहुँदै मन्त्री श्रेष्ठले दलगत संगठनलाई अनुदान दिने विषयमा आलोचना भइरहेको सन्दर्भमा आफू गम्भीर रहेको बताउनुभयो ।

प्रेस स्वतन्त्रताको नाममा स्वच्छन्द प्रवृत्ति मौलाउँदै गएको भनी सञ्चारकर्मीले ध्यानाकर्षण गराएको विषयमा मन्त्री श्रेष्ठले प्रदेश सरकारले स्वतन्त्रताको दुरुपयोग हुने अवस्था आउन नदिने स्पष्ट पार्नुभयो । आगामी आर्थिक वर्षमा प्रदेश सञ्चार रजिष्ट्रारको कार्यालयको अधिकार र बजेट दुवै बढेर आउने मन्त्री श्रेष्ठले स्पष्ट पार्नुभएको छ । प्रदेश सञ्चारग्राम निर्माणमा पनि प्रदेश सरकारले आवश्यक सहयोग गर्ने प्रतिवद्धता उहाँले व्यक्त गर्नुभएको छ । पञ्चायतकालकै ऐनलाई संघीय सरकारले समयानुकुल परिमार्जन गर्ने र नयाँ ऐन बनाउने कार्य नगरेका कारण प्रदेश सरकारलाई समेत समस्या भइरहेको उहाँको भनाइ थियो ।

कार्यक्रममा प्रदेश सञ्चार रजिष्ट्रार रेवती सापकोटाले मिडियाको संख्या धेरै भएको र व्यवस्थापकीय पक्षमा पनि कमिकमजोरी देखिएकाले मिडिया मर्ज गर्न प्रोत्साहित गर्ने गरी आगामी दिनमा नीति ल्याइने जानकारी गराउनुभएको छ । नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिका संस्थापक अध्यक्ष प्रताप विष्टले पत्रकारले समयमै पारिश्रमिक पाउने अवस्था नहुनु दुखद् भएको बताउनुभयो । उहाँले पत्रकार र सञ्चारमाध्यमप्रति घट्दो विश्वासनीयता चुनौतिको विषय भएको औँल्याउनुहुँदै जनविश्वास बढाउने गरी काम गर्नु जरुरी रहेको औँल्याउनुभयो ।

नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिका महासचिव कृष्ण सारु मगरले सञ्चार माध्यम खारेजी गर्न सकिने व्यवस्थासहितको प्रदेशको कानुनलाई संशोधन गर्न सुझाव दिनुभएको छ । नेपाल पत्रकार महासंघ मकवानपुर जिल्ला शाखाका अध्यक्ष मणिराज गौतमले गत वर्ष धादिङमा पत्रकारलाई ल्यापटप वितरण गरेजस्तै मकवानपुरका पत्रकारलाई पनि ल्यापटप वितरण गर्न माग गर्नुभयो । प्रेस कार्ड जोकसैले सहजै लिइरहेको उल्लेख गर्नुहुँदै उहाँले महासंघसँग समन्वय गरेर समाचार लेख्ने व्यक्तिलाई नै पत्रकार परिचयपत्र दिने व्यवस्था गर्न प्रेस रजिष्ट्रारको कार्यालयलाई आग्रह गर्नुभएको छ ।

प्रेस चौतारी मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीले प्रेस स्वतन्त्रताको नाममा मौलाउँदै गएको स्वच्छन्दताका कारण मिडियामाथि नै आक्रमण हुने अवस्था आएको भन्दै चिन्ता व्यक्त गर्नुभयो । सञ्चारकर्मीमा उच्च नैतिक चरित्रको आवश्यकताका बारेमा सचेत हुनुपर्ने उहाँको धारणा थियो । प्रेस युनियन मकवानपुरका अध्यक्ष कुमार अधिकारीले असरल्ल मिडिया खुल्ने अवस्थाले सञ्चार माध्यमको उचित नियमन जरुरी रहेको औँल्याउनुभयो । एकै व्यक्तिका नाममा दुईभन्दा बढी मिडिया स्थापित हुनु स्वभाविक नभएको उहाँको भनाइ थियो ।

प्रेस सेन्टर मकवानपुरकी अध्यक्ष अञ्जली थापाले पत्रकार पलायनको अवस्थाप्रति ध्यान दिन आग्रह गर्नुभयो । उहाँले महिला पत्रकारलाई प्रोत्साहित गर्ने कार्यक्रम ल्याउन पनि माग गर्नुभएको छ । समृद्ध समाज दैनिकका सम्पादक सुरेश श्रेष्ठले राजनीतिक दल निकट पत्रकार संगठनलाई अनुदान दिने कार्य बन्द गर्नुपर्ने माग गर्नुभयो । यस्तै सञ्चार रजिष्ट्रारको कार्यालयले रजिष्ट्रारको कार्यालयमा दर्ता भएका मिडियालाई मात्रै प्रदेश सरकारको तर्फबाट लोककल्याणकारी सूचना दिने भन्ने व्यवस्था हाँस्यास्पद भएको उहाँले जीकिर गर्नुभएको छ । कान्तिपुर टिभिका पत्रकार सुजन पुडासैनीले प्रदेश सरकारले मोवाइल पत्रकारिताको तालिम दिएर प्रोत्साहित गरि रहँदा समाचार संकलनको क्रममा मोवाइलको प्रयोग गर्दा प्रहरी प्रशासनले निषेध गर्ने स्थिति विरोधाभाषपूर्ण भएको औँल्याउनुभयो ।

## विद्यालयमा स्टाफ नर्सलाई स्वागत



*गोरक्षनाथ माविमा स्टाफ नर्स शितल अमगाईंलाई स्वागत गरिँदै ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१८, फुर्केचौरस्थित गोरक्षनाथ माविमा स्टाफ नर्सलाई स्वागत गरिएको छ । बागमती प्रदेश सरकारले एक विद्यालय एक नर्स कार्यक्रमअन्तर्गत करारमा नियुक्त गरेको स्टाफ नर्स यो वर्ष हेटौंडा उपमहानगरका दुईवटा विद्यालयले प्राप्त गरेको छ । हेटौंडा-१८ स्थित गोरक्षनाथ मावि र ज्योति माविले स्टाफ नर्स प्राप्त गरेको हो ।

गोरक्षनाथ माविमा स्टाफ नर्स शितल अमगाईंलाई विद्यालय परिवारले बुधबार स्वागत गरेको हो । यस्तै ज्योति माविमा स्टाफ नर्स सुजना भट्टराई नियुक्त हुनुभएको छ । विद्यालयलाई प्राप्त भएको स्टाफ नर्सबाट विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण सेवा गराउनुका साथै विद्यार्थीमा स्वास्थ्य सचेतना, स्वस्थ बानी-व्यवहार, अभिभावक समेतलाई स्वास्थ्य सचेतना अभिवृद्धि गराउन सकिने प्रधानाध्यापक होम बहादुर नेपालीको भनाइ छ । चालु शैक्षिकसत्रको नियमित पठनपाठन सुरु भइसकेको र विद्यालयमा ३ सय १७ जना विद्यार्थी भर्ना भइसकेको प्रधानाध्यापक नेपालीले बताउनुभएको छ । चालु शैक्षिकसत्रमा विद्यार्थी संख्या ३ सय ५० पु¥याउने लक्ष्य रहेको प्रधानाध्यापक नेपालीले जानकारी दिनुभएको छ ।

बागमती प्रदेश सरकारले ५ सय १९ वटा विद्यालयका लागि एक विद्यालयमा एक नर्स कार्यक्रम लागु गरेको छ । विद्यालय छनोट गरी स्थानीय पालिकाकै नर्स या नजिकको पालिका र जिल्लाका नर्सलाई नियुक्तिको प्राथमिकता दिने गरिएको छ । ४ वर्षअघि २० वटा विद्यालयमा नमूनाको रुपमा सुरु भएको विद्यालय नर्स कार्यक्रम प्रदेश सरकारको सफल योजनामध्येको एक हो ।

बागमती प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक महेश्वर श्रेष्ठले ५ सय १९ जना नर्सको दरबन्दी भए पनि ५८ वटा विद्यालय नर्सको दरबन्दी रिक्त रहेको जानकारी दिनुभएको छ । कतिपय विद्यालयका नर्सले राजिनामा दिएका कारण दरबन्दी रिक्त रहेको उल्लेख गर्नुहुँदै निर्देशक श्रेष्ठले भन्नुभयो, "कतिपय विद्यालयमा सम्बन्धित पालिकाका नर्सको आवेदन नपरेपछि नजिकको पालिका वा जिल्लाभित्रकै वैकल्पिक उम्मेद्वारलाई नियुक्त गरिएको छ ।" पछिल्लो पटक हेटौंडा उपमहानगरका दुई विद्यालयसँगै २४ वटा विद्यालयका लागि फरक पालिका वा जिल्लामा वैकल्पिक सूचिमा रहेका उम्मेदवारलाई नियुक्ति दिएर पठाइएको उहाँले बताउनुभयो ।

चालु आर्थिक वर्षमा विद्यालय नर्स कार्यक्रमकै लागि प्रदेश सरकारले करिब ३० करोड रुपैयाँ बजेट विनियोजन गरेको छ । कार्यरत नर्सले राजिनामा दिएर रिक्त रहेका ३४ वटा विद्यालयका लागि नर्स नियुक्तिका लागि विज्ञापन गरेर छनोटको प्रक्रिया सुरु भइसकेको पनि निर्देशक श्रेष्ठले बताउनुभएको छ । विद्यालय नर्सका लागि प्रदेश सरकारले निजामति सेवाको पाँचौं तहको कर्मचारीसरह सेवासुविधा उपलब्ध गराउँछ । आगामी आर्थिक वर्षमा भने प्रदेश सरकारले १२ कक्षासम्म पठनपाठन हुने विद्यालयलाई प्राथमिकतामा राखेर एक विद्यालय एक नर्स कार्यक्रम कार्यान्वयन गर्ने योजना बनाएको बताइएको छ ।

Hetauda School of Management and Social Sciences

हार्दिक बधाई तथा शुभकामना!
एसीसी प्रिमियर कपको फाइनल खेलमा जित निकाल्दै एसिया कपका लागि छनोट भएकोमा नेपाली क्रिकेट टिमलाई हार्दिक बधाई तथा आगामी खेलहरुको लागि शुभकामना!




"कडा अनुशासन, स्तरीय शिक्षा"

# सम्पादकीय

## न्यायालयको सुधार आवश्यक

राज्यका प्रमुख अंगहरुमध्ये न्यायपालिका पनि पर्दछ । संसदीय लोकतान्त्रिक शासन व्यवस्थामा कार्यपालिका (सरकार), व्यवस्थापिका (संसद) र न्यायपालिका (अदालत)लाई राज्यका प्रमुख तीन अंगाको रुपमा लिने गरिन्छ । नेपालको वर्तमान संविधानले पनि यी तीन अंगलाई राज्यको सर्वोच्च अंग स्वीकार गरेको छ । कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका तीनवटै संवैधानिक विशिष्ट निकायहरु हुन् । यी तीनै निकाय आफूमा उत्तिकै शक्तिशाली छन् भने एक–अर्काका सहयोगी, परिपूरक र नियन्त्रक पनि हुन् । शक्तिपृथ्थकीकरणको सिद्धान्तले पनि यी तीनवटै निकायलाई महत्वपूर्ण मानेको छ । राज्यका यी तीन निकाय प्रभावकारी भएमा लोकतान्त्रिक संसदीय व्यवस्थाको सुखद् अनुभूति गर्न सकिन्छ । तर, नेपालमा भने यी तीन निकायबीच कहिलेकाहीँ अस्वभाविक प्रतिस्पर्धा चल्ने गरेको छ । व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाबीच शक्ति सन्तुलन हुनुपर्नेमा एउटा निकायले आफूलाई सर्वोच्च प्रमाणित गराउन खोज्दा समस्या भइरहेको छ । राजनीतिक प्रतिशोध तथा स्वार्थबाट प्रेरित भई अर्को अंगलाई कमजोर बनाउन खोज्ने अलोकतान्त्रिक खेल बारम्बार भइरहेका छन् ।

लोकतान्त्रिक शासन व्यवस्थाको एउटा प्रमुख विशेषताको रुपमा स्वतन्त्र न्यायपालिकालाई मानिन्छ । स्वतन्त्र न्यापालिकाबाटै व्यवस्थापिका र कार्यपालिकाको स्वच्छन्दतालाई नियन्त्रण गर्न सकिन्छ । तर, हाम्रो देशमा कार्यपालिकाले अनावश्यक हस्तक्षेप र आलटाल गरेर व्यवस्थापिका र न्यायपालिकालाई नियन्त्रण गर्ने प्रयास बारम्बार भइरहेको छ । यसको एउटा उदाहरणको रुपमा सर्वोच्च अदालतको प्रधानन्यायाधीश नियुक्तिमा भइरहेको ढिलाईलाई लिन सकिन्छ । यस्तै, व्यवस्थापिकाको अधिवेशन चलुञ्जेलसम्म चुपचाप बस्ने र अधिवेशन अन्त्य भएकै भोलिपल्ट अध्यादेश जारी गरिनु कार्यपालिकाको बेइमानी हो । कार्यपालिकाको यस्ता गतिविधि रोक्न स्वतन्त्र न्यापालिका हुनु आवश्यक छ । तर, सर्वोच्च न्यायपालिकालाई वर्षौंसम्म नेतृत्वविहीन बनाएर राज्यसत्तामा हालीमुहाली गर्ने कार्यपालिकाको महत्वाकांक्षाले आम नागरिकमा संसदीय शासन प्रणालीप्रति वितृष्णा बढाउनेतर्फ राजनीतिक नेतृत्व सचेत बन्न सकेको पाइँदैन ।

कार्यपालिकाको स्वेच्छाचारी कदमप्रति कानुन व्यवसायी आन्दोलित बनेका छन् । सर्वोच्च अदालतमा प्रधानन्यायाधीशको नियुक्ति र न्यायालयमा सुधारको माग गर्दै कानुन व्यवसायीले देशव्यापी प्रदर्शन गरेका छन् । नेपाल बार एसोसिएसनको आह्वानमा कानुन व्यवसायीले मंगलबार देशव्यापी प्रदर्शन गरेका छन् । उच्च अदालत पाटन हेटौंडा इजलास बार र मकवानपुर जिल्ला बारले संयुक्तरुपमा उच्च अदालत पाटन हेटौंडा इजलास र मकवानपुर जिल्ला अदालत परिसरमा प्रदर्शन गरेका हुन् । कानुन व्यवसायीले विभिन्न मागहरु लेखिएका ब्यानर र प्लेकार्ड लिएर सांकेतिकरुपमा एक घण्टा प्रदर्शन गरेका थिए । न्यायालयमा हुने गरेको भ्रष्टाचार, विसंगतिको अन्त्य तथा न्यायपालिकाको जनआस्था अभिवृद्धिका लागि दबाब दिने उद्देश्यले कानुन व्यवसायीले प्रदर्शन गरेका हुन् । कानुन व्यवसायीले स्वतन्त्र न्यायपालिकाको रक्षा गर्नुपर्ने, न्यायालयभित्रको भ्रष्टाचार, विकृति, विसंगति अन्त्य हुनुपर्ने, पूर्ण स्वचालित पेसी व्यवस्थापन प्रणाली लागू गर्नुपर्ने, प्रधानन्यायाधीश नियुक्त गर्नुपर्ने, अदालतमा रिक्त रहेको न्यायाधीश यथाशिघ्र नियुक्त गर्नुपर्ने माग राखेका छन् ।

संसदीय लोकतान्त्रिक व्यवस्थामा न्यायपालिका र संवैधानिक अंगाको नेतृत्व चयनमा कार्यपालिकाले प्रमुख भूमिका रहन्छ । यिनै निकायहरुले कार्यपालिका र व्यवस्थापिकाको शक्ति सन्तुलन गर्ने काम गर्छन् । न्यायपालिका र संवैधानिक अंगलाई व्यवस्थापिकाले महाअभियोगमार्फत् नियन्त्रण गर्न सक्छ । राज्यका महत्वपूर्ण यी अंगहरुले आफ्ना विशिष्ट अधिकारहरु राज्य र नागरिकको हितका लागि प्रयोग गर्नुपर्दछ । व्यक्तिगत, राजनीतिक एवम् अन्य स्वार्थबाट प्रेरित भएर गरिने नियन्त्रणका प्रयास देश र जनताको हितमा हुँदैन । न्यायालयमा सुधार आवश्यक भएकाले अविलम्ब संसदीय सुनुवाई समिति गठन गरेर संवैधानिक परिषद् बैठकबाट योग्य व्यक्तिलाई प्रधानन्यायाधीश नियुक्त गर्नुपर्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा–८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : मानसिक र शारीरिक समस्याले सताउँला ।
**वृष** : बोलीको भरमा कार्यसम्पादन हुने समय छ ।
**मिथुन** : स्वास्थ्य स्थितिमा ख्याल गर्दा राम्रो रहला ।
**कर्कट** : काममा निरन्तरता र लाभ प्राप्त होला ।
**सिंह** : रोकिएका कामहरु सम्पादन हुने समयको योग छ ।
**कन्या** : आत्मविश्वास र शिघ्र निर्णयमा वृद्धि हुने समय छ ।
**तुला** : व्यवसायिक काममा खर्च बढ्ने समय छ ।
**वृश्चिक** : बन्दव्यापार र साझेदारी कामबाट लाभ प्राप्त ।
**धनु** : आहार–बिहारबाट सतर्कता अपनाउनुपर्ला ।
**मकर** : दार्शनिक र बौद्धिक कार्यबाट लाभ प्राप्त ।
**कुम्भ** : बोली र कामबाट लाभ प्राप्त हुने समय छ ।
**मीन** : परीक्षा प्रतियोगितामा विजय र सफलता प्राप्त ।

# छक्का !



नवराज पराजुली

खेलका नियम जति धेरै जान्यो, खेलाडीलाई त्यति फाइदा हुन्छ। प्रेमीलाई चाहिँ प्रेमका नियम जति कम जान्यो, त्यति फाइदा ।

खेलाडीले अरूले बनाइदिएको नियमअनुसार खेल्छ। प्रेमीले आफ्नो नियम बनाउँछ ।

खेल नियममा बाँधिएर खेलिन्छ तर प्रेम नियमलाई नाघेर ।

खेलमा जित्दा मजा आउँछ। प्रेममा हार्दा ।

क्रिकेट चाहिँ मेरो प्रेम पनि थियो र खेल पनि ।

बीस-पच्चीस वर्षअघि झापाको एउटा गाउँमा हामी क्रिकेटसँग प्रेम गर्थ्यौं । मैले 'हामी क्रिकेट खेल्थ्यौं' लेखिनँ । किनकि खेलका नियमअनुसार हामी खेल्दैन थियौं। हामीलाई क्रिकेटका नियमहरू थाहा थिएनन् ।

**नियम थाहा नहुनेहरूले नियम बनाउँछन् ।**

**हाम्रा नियमहरू यस्ता थिए–**

१. ब्याट हुँदैन थियो। ब्याटको ठाउँमा बाख्राको किलो ठोक्ने अलि लामो मुंग्रो हुन्थ्यो । अलि परिष्कृत हुँदै जाँदा हातले समाउन मिल्नेगरी खुकुरीले खुर्केर बनाइएको एक ब्याट प्रजातिको काष्ठीय वस्तु हुन्थ्यो। टस जितेको आधारमा कसले बलिङ वा ब्याटिङ पहिले गर्ने भन्ने हुँदैन थियो । त्यो रोज्ने सर्वाधिकार उसैसँग हुन्थ्यो जो ब्याटको मालिक हो। र, ब्याटको मालिकले जहिल्यै पहिले ब्याटिङ रोज्थ्यो ।

२. केही गरी ब्याटिङ गरिरहेको बेला त्यो ब्याट-मालिकको आमाले उसलाई खाना खान बोलाउन आउनुभयो भने ऊ ब्याट नै लिएर जान्थ्यो। र ऊ खाना खाएर नफर्किउन्जेलसम्म खेल स्थगित हुन्थ्यो । तर जस्तै मुसलधारे पानी परे पनि खेल कहिल्यै रोकिँदैन थियो ।

३. मंगलबार गाउँमा बजार लाग्थ्यो। त्यो दिन बरफ वा चटपटे खान भनेर सबैका बाआमाले एक वा दुई रूपैयाँ दिन्थे। त्यो बरफ वा चटपटे नखाईनखाई पैसा जोगाएर, सबैको पैसा भेला गरेर क्रिकेट खेल्न (रातो टेनिस बल) बल किन्थ्यौं। छक्का वा चौका हान्दा यदि त्यो बल हरायो भने जसले हान्दा हरायो, उसैले तिर्नुपर्थ्यो । त्यो किन्न सकेन भने उसले नजिकैका साथीलाई हारगुहार गर्न चाहिँ पाउँथ्यो ।

४. वाइडको रन पनि आउँदैन थियो। बल पनि गनिँदैन थियो ।

५. एउटा बलरले जति ओभर पनि बलिङ गर्न पाउँथ्यो।

६. दसौं विकेट झरिसकेपछि बाँकी एक्लै रहेको ब्याट्सम्यानले पनि एक्लै ब्याटिङ गर्न पाउँथ्यो ।

७. छुट्टै अम्पायर राख्न मान्छे नपुग्ने भएकाले ब्याटिङ तिरको मान्छे अम्पायर हुन्थ्यो । र, उसलाई कसैले पहिल्यै भनिसकेको हुन्थ्यो, 'तँ मेरै घरको बाटो घर फर्किन्छस् हैन? यदि मलाई आउट दिइस् भने बाटो ढुकेर धुलाइ हान्छु ।' त्यो खेलाडीलाई अम्पायरले हत्तपत्त आउट दिँदैन थियो ।

तर विस्तारै नियम सिक्दै गयौं । रेडियोमा भारतका एफएमहरू टिप्न थाल्यो। पाँच दिनको टेस्ट क्रिकेट पनि रेडियोमा 'सुन्न' थाल्यौं । क्याच-आउट भएको व्याख्या रेडियोको मान्छेले जसरी गर्थ्यो, म त्यसैगरी दिमागमा त्यसको चित्र बनाउँथें। अनि दाँइ गरेर राखेको परालमा 'जम्प' हानेर रेडियोमा भनेजसरी क्याच लिएको अभिनय गर्थें ।

क्याच लिइसकेपछि रेडियोको मान्छेले जस्तै तर नेपालको सन्दर्भमा व्याख्या गर्थें, 'ब्याट्सम्यानने ब्याक फुट में जाके मार्ने की कोशिश ! लेकिन पोइन्ट पे खडे फिल्डर नवराज पराजुली ने दौडते हुवे जम्प किया ! और हवा की उस बलको पंक्षी के तरह लपेटलिया। और यह आउट ! बेहतरिन फिल्डिङ नवराज पराजुली की तरफ से । पोइन्ट की दिशा में अगर हवा में बल हो और वह बल नवराज को पार करके जाए, यह नामुमकिन है !'

पछि गाउँका ठूला दाइहरूले अरू नियम सिकाउन थाले । अलि पछि दाइहरूले किनेको साँच्चैको ब्याटमा खेल्न थालियो। जस्तै सस्तो ब्याट भए पनि दाइहरूले स्टिकर उक्काएर 'एम.आर.एफ' लेख्थे किनकि उनीहरूलाई थाहा रहेछ- सचिन तेन्दुलकरले खेल्ने ब्याटमा 'एम.आर.एफ' लेखिएको हुन्छ ।

र, एकदिन हाम्रो मंगलबारे गाउँको क्रिकेट टिम बन्यो– अमित सुब्बा, शालिक पराजुली, पदम खरेल, ज्ञानेन्द्र लिम्बू, मोहन बेघा, नवराज पराजुली आदिको । मैले ब्याटिङ गर्दा कहिलेकाहीँ ड्याङडुङ रन पनि बन्थ्यो। कतिपटक शून्यमै आउट । म ब्याटिङ राम्रो जान्दिनँ थिएँ ।

तर नजान्दै मजा आउने कुरा मजा लिँदै जान्न खुब मजा आउँछ ।

म बलर चाहिँ पहिलो रोजाइको थिएँ किनकि मैले बलिङमा आफ्नो ऊर्जा खन्याएको थिएँ ।

मान्छेले आफ्नो ऊर्जा जुन विन्दुमा खन्याउँछ, त्यो विन्दुसँग मान्छेलाई जोड्ने अरू विन्दु ऊर्जाले आफैं खोज्छ ।

पैसाको बाजीमा वरपरका गाउँसँग खेल हुन थाल्यो । चारकोसेको जंगलनेर जलथलको टिमसँग खेल्दा मैले लगातार योर्कर बल हानेर ह्याट्रिक गरेँ । हाम्रो टिमको क्याप्टेन अमितले कुद्दै आएर मलाई गर्ल्याम्म अँगाल्यो। भारतमा लामो समय क्रिकेट खेलेर आएकाले ऊ हामीभन्दा धेरै गुणा राम्रो क्रिकेट जान्ने थियो ।

जान्नेले आफ्नो कामलाई अँगालिदिए भने आफूलाई पनि आफ्नो काम अँगाल्न हौसला मिल्ने रहेछ ।

खेल जित्यौं । मेरो १० रूपैयाँ २० रूपैयाँ भयो ।

मलाई पैसा दिँदै अमितले भन्यो, 'नबु, मैले तिमीजस्तो योर्कर फाल्ने बलर अहिलेसम्म देखेको छैन । तर तिमी अरू तरिकाको बलिङ पनि गर । बलरसँग धेरैखाले बल गर्ने तरिका भयो भने ब्याट्सम्यान झुक्किन्छ । तिमीले त्यसरी सिक्यौ भने भोलि नेपालको नेसनल टिमबाट बलिङ गर्ने चान्स मिल्न सक्छ ।'

यति सुन्दा एउटा मेरो निधारतिर यस्तरी हावा चल्यो कि निधारभरिको पसिना सुकेर शित्तल भयो। मेरो दिमागले कल्पना गर्न थाल्यो कि म नेपालको राष्ट्रिय टिमको बलर भएँ। भारतको क्रिकेट सुन्दै हुर्केको भएर होला, भारतसँग खेलेको कल्पना गरेँ ।

अनि भारतको एफएमको कमेन्ट्री सुनेकाले गर्दा कमेन्ट्री पनि हिन्दीमै कल्पना गरेँ– भारतके ओपनर बल्लेबाज क्रिज पे खडे है। आज बडा स्कोर देखने को मिल सकता है । क्योंकि नेपाल की टिमके साथ भारत ने हमेसा बडा स्कोर खडा किया है । और नेपाल की तरफ से बलिङ ओपनिङ करने के लिए आए है एक नयें गेंदबाज- नवराज पराजुली । इनका यह पहला म्याच है। लेकिन क्याप्टेन ने इन से ओपनिङ करने की सोच बनाली है । इन की रनिङ काफी लम्बी है । और यह बल। सब चौंक गए है ! क्लिन बोल्ड कर दिया ! पहले बल में ही धमाका ! नवराज की योर्कर बलको भारतीय ब्याट्सम्यान पढ नहीं पाये'और दुसरी बल में भी विकेट'और तिसरी बल में भी' नेपालकी इस ह्याट्रिक के वजह से भारतकी ब्याटिङ धराशायी हो गई है । भारतीय दर्शको में सन्नाटा छा गई है । अब सब जानना चाहेंगे की नेपालकी यह नई गेंदबाज नवराज पराजुली आखिर हे कौन ?'

पसिना नै सुकाइदिने यो मिठो कल्पना गरेको भोलिपल्ट कलेजमा परीक्षाको रुटिन आयो। मेरो ओठ सुक्यो ।

...बाँकी पृष्ठ ३ मा

# काम पनि सानो ठूलो हुन्छ र ?



सुमित्रा लुँइटेल




धादिङकी ३२ वर्षीया सरिता भुजेलले साझा यातायातमा सहचालकको काम गर्न थालेको १५ महिना भयो । उनी आफ्नो कामप्रति सन्तुष्ट छिन् । बिस्तारै साझा यातायातको चालक बन्ने उनको योजना छ ।

यसअघि सरिता निजामती कर्मचारी अस्पतालको सवारी चलाउँथिन् । तर त्यहाँबाट प्राप्त हुने पारिश्रमिकले घर धान्न गाह्रो भएपछि उनले साझा यातायातमा सहचालकको काम थालेकी हुन् ।

कतिपयले प्रश्न गर्छन्, 'चालक अनुमति पत्र भएको मान्छे पनि किन सहचालक ?' उनी मुस्कुराउँदै प्रतिप्रश्न गर्छिन्, 'काम पनि सानो ठूलो हुन्छ र ?'

सरितालाई सहचालकको काम सानो लाग्दैन । 'ठगेर खान पो हुँदैन त काम गरेर खान के को लाज,' उनी भन्छिन्, 'मलाई मेरो कामप्रति गर्व छ ।'

अहिलेको कामबाट उनीसँगै परिवारको पनि जीविकोपार्जन सम्भव भइरहेको छ । 'मेहनत र इमान्दारिताका साथ काम गरेमा कामलाई उचाइमा पुर्‍याएर सफलता हासिल गर्न सकिन्छ,' उनी भन्छिन् ।

पविता खपाङ्गीले काठमाडौं महानगर पालिकाको एरोटन ट्वाइलेट हबद्वारा सञ्चालित सार्वजनिक शौचालय सरसफाइको काम गरेको एक वर्ष भइसक्यो । यसअघि पनि उनी विभिन्न रेस्टुरेन्टदेखि सिंहदरबारसम्म सरसफाइको काम गरिन् । 'अहिले स्मार्ट शौचालयमा काम गरिरहँदा मैले सामाजिक कार्य गरिरहेको छु भनेर खुसी छु,' पविता भन्छिन् । पविताले धेरैको मुखबाट सुनेकी छिन्, 'शौचालयमा पनि के काम गरेको ? अरु काम गर न !' तर उनी स्वयंलाई भने आफ्नो कामप्रति न कुनै गुनासो छ, न त कुनै अप्ठ्यारो नै ।

एउटा प्रचलित भनाइ नै छ, 'यदि साना काम गर्न आफू ठूलो छु जस्तो ठान्नुहुन्छ भने तपाईं ठूला काम गर्न पनि धेरै सानो हुन सक्नुहुन्छ ।' त्यसो त, कुनै पनि काम ठूलो, सानो हुँदैन, यो त मात्र मानिसले बनाउने बुझाइ मात्र हो ।

यदि कसैले पनि सरसफाइको काम नगर्ने हो भने संसार कति फोहोर होला ? कति संक्रमण फैलिएला ? 'हामीले सफाइ गरेकै कारण धेरै मानिसले सफा र सुरक्षित शौचालय प्रयोग गर्न पाउँछन्,' पविता भन्छिन्, 'स्मार्ट सार्वजनिक शौचालयमा काम गर्न पाउँदा म खुशी छु, पढेलेखेका मानिसले नेपालमा अप्ठ्यारो माने पनि विदेशमा यस्तै काम गरिरहेका छन् ।'

विदेशमा हरेक कामलाई समान रूपले हेरिन्छ, तर नेपालमा काम सानो ठूलो भनी छुट्याइन्छ ।

**काम सानो कि सोच ?**

मनोविद् गृष्मा पनेरुको बुझाइमा मान्छेको हुर्काइ र सामाजिक परिवेशका कारण काम सानो र ठूलो भन्ने सोच आउँछ । 'हामीलाई सानैदेखि परिवार र समाजमा यो काम सानो, यो काम ठूलो भन्ने सिकाइँदै आइएको छ,' उनी भन्छिन् ।

स्कुलमा शिक्षकले पढाइमा अलि कमजोर विद्यार्थीलाई 'राम्ररी पढेनौ भने तिमी भोलि पर्सि खलासी हुन्छौ' भनिरहेका हुन्छन् । त्यसरी एउटा सानो बच्चालाई राम्रो पढेनौ भने खलासी हुन्छौं भनिरहँदा गाडी चालक र सहचालक हुनु नराम्रो र सानो काम हो भन्ने सोच सानैदेखि विकास हुने पनेरु बताउँछिन् ।

'विद्यालयमा मात्र होइन, अभिभावकले पनि बच्चालाई राम्ररी पढेनौ भने तिमीले यस्तो सानो काम गर्नुपर्छ भनेर कामको वर्गीकरण गरिदिन्छन्,' उनी भन्छिन्, 'यसरी विद्यालयमा परिवार र समाजमा कामलाई समान रुपमा नहेरिंदा त्यो समाजका हरेक सदस्यमा कामलाई असमान रुपले हेर्ने सोच विकास हुँदै जान्छ ।'

नेपालमा बच्चैदेखि डाक्टर, इन्जिनियरको काम मात्र ठूलो हो भनेर सिकाइन्छ । जबकि विकसित मुलुकमा हरेक कामलाई सम्मान गरिन्छ । यस्तो अभ्यासले प्रायः व्यक्तिमा काम सानो र ठूलो भनेर छुट्याउने सोच विकास हुने मनोविद् पनेरु बताउँछिन् ।

'सानै उमेरदेखि काम सानो ठूलो हुँदैन, हरेक कामको महत्व हुन्छ र यो हाम्रो नियत र चेतनाको आधारमा तय हुन्छ भनेर सिकाउनुपर्छ,' मनोविद् पनेरु भन्छिन् ।

नेपालमा शिक्षित मानिसहरूले नै कामलाई वर्गीकरण गर्दै सानो काम गर्नुहुँदैन भन्ने सोच राख्ने गरेको उनको बुझाइ छ । 'यस्तै सोचले नेपालमा कामलाई समान रुपले नहेरिएको हो,' उनी भन्छिन्, 'हुँदाहुँदा हामी कामकै आधारमा मानिसलाई सानो र ठूलो देख्छौं ।'

'यस्तो काम गर्नुभन्दा त बरु बेरोजगार नै बस्छु' भन्ने सोचले व्यक्ति मात्र होइन, समाज नै पछि पर्ने मनोविद् पनेरु बताउँछिन् । 'नेपालमा भाँडा माझ्ने, शौचालय सफा गर्ने जस्ता सरसफाइको काम गर्न लजाउँछौं, तर विकसित मुलुकमा गएर त्यही काम लाज नमानी गर्छौं,' उनी भन्छिन् ।

विदेशमा सरसफाइको काममा आकर्षक पारिश्रमिक भए पनि नेपालमा भने जीविकोपार्जन पनि गर्न नसक्ने पारिश्रमिक पाउनुले पनि यस्तो सोच बनेको उनको तर्क छ । उनी भन्छिन्, 'पैसाकै कारण पनि मान्छेले कामलाई सानो ठूलो भनी छुट्याइन्छ ।'

हामीले सानो/ठूलो भनेर छुट्याइएको सबै काम गर्न जान्नेले हरेक परिस्थितिको सजिलै सामना गर्न सक्ने उनको तर्क छ । 'हरेक कामको महत्वलाई बुझेर हरेक कामलाई सम्मान गर्नुपर्छ,' पनेरु भन्छिन् । *(स्रोतः अनलाईनखबर)*



**सप्ताह सुरुः** हेटौंडा-१०, राप्तीतटस्थित गोरक्षेश्वर धाममा बुधबारदेखि श्रीमद् भागवत सप्ताह सुरु भएको छ। मंगलबार वृहत् कलशयात्रा निकालिएको थियो । हरेक ५ वर्षमा आयोजना गरिने शुभकामना विराट महायज्ञको कलशयात्रामा हजारौंको सभागिता रेहको थियो । आयोजकले कलशयात्रामा सहभागी हुने महिलालाई निशूल्क सारी वितरण गरेको थियो ।

# सडक विस्तारबारे सरोकारवालासँग छलफल

समाज संवाददाता

हेटौंडाः हेटौंडा बजार क्षेत्रको पूर्वपश्चिम राजमार्ग विस्तार (एसियन हाइवे) सम्बन्धमा सरोकारवालाहरुसँग छलफल भएको छ । सडक ऐन २०२५ अनुसार राष्ट्रिय राजमार्गको सडक सीमा २५/२५ मिटर विस्तार गर्नेसम्बन्धमा छलफल भएको हो ।

बुधबार जिल्ला प्रशासन कार्यालय मकवानपुरले सरोकारवाला, राजनीतिक दल, स्थानीय तहका प्रतिनिधिहरुसँग र ाजमार्ग विस्तारबारे छलफल गरेको हो । एसियन हाइवेका रुपमा स्तरीकरण भइर हेको पूर्वपश्चिम (महेन्द्र) राजमार्गको हेटौंडा बजार क्षेत्रमा विस्तार गर्ने सम्बन्धमा विवाद हुँदै आएका कारण सर ोकारवालासँग छलफल गरिएको हो ।

राजमार्ग विस्तारको प्रयास भए पनि अदालतमा मुद्दा परेको र स्थानीय घर धनीहरुको असन्तुष्टिका कारणले ढिलाई हुँदै आएको छ । अदालतले २५/२५ गज सडक विस्तार गर्न आदेश दिइसकेको सडक डिभिजनका राजेशकुमार यादवले बताउनुभयो । सडक विस्तारबाट एक हजार ७ सय ६१ घर तथा संरचनाहरु भत्कने बताइएको छ ।

सरकारले २०५७ सालमा हेटौंडा बजार क्षेत्रको राजमार्ग १६-१६ मिटर बनाउने निर्णय गरेको पीडितहरुले बताएका थिए । सरकारले उचित मूल्य दिए संर चना हटाउन सकिने पीडित पक्षको माग रहेको छ । सडक विभागले आफ्नो जग्गा भन्ने गरेको तर आफूहरुसँग सरकारले दिएको जग्गाको लालपुर्जा भएको र सर कारलाई राजस्व तिर्दै आएको पीडितको भनाई छ । सडक विस्तारको क्रममा हेटौंडाका ५ हजार व्यवसायीलाई मर्का पर्ने भएकाले उचित व्यवस्थापन गरेर अगाडि बढ्नुपर्ने पीडितहरुको माग रहेको छ ।

सरकारले गरेको निर्णयको विपरित नलागी कानुनअनुसार चल्नुपर्ने राजनीतिक दलहरुको भनाइ रहेको छ । विकासको काममा सरकाले ढिलाई नगरी कामलाई तिब्रता दिनुपर्नेमा राजनीतिका दलहरुको जोड रहेको छ । दलका शीर्ष नेताहरुले जनतासँग एउटा कुरा गर्ने र सरकारी निकायसँग अर्को कुरा गर्ने गरेकाले विकासको काममा अबरोध आउने गर काले शीर्ष नेताहरुले सत्य बोल्न आवश्यक रहेको दलका प्रतिनिधिहरुको भनाइ छ ।

छलफलका क्रममा हेटौंडा उपमहानगरपालिकाका प्रमुख मीनाकुमार ी लामाले सरकारसँग हेटौंडालाई ऐतिहासिक सहर बनाउने भन्ने विषयमा छलफल गर्दा कानुनअनुसार काम गर्नुपर्ने भएकाले सडक विस्तारको काम गर्नुपर्नेमा जोड दिएको बताउनुभयो । सरकारले क्षतिपूर्ति दिएर संरचना भत्काउने भएकाले सबै मिलेर हेटौंडाको निर्माणमा लाग्नुपर्नेमा उहाँले जोड दिनुभयो । प्रमुख लामाले सडक विस्तारको क्रममा घरबार विहीन भएकाहरुलाई स्तरीकरण गरि नेसमेत आश्वासन दिनुभयो ।

छलफलका क्रममा प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेले कुनै र ाजनीतिक दलका नेतासँग, मन्त्रीसँगको कुराकानीमा नभई तथाङ्कीय हिसाबले अगाडि बढ्नुपर्नेमा जोड दिनुभएको छ । एसियाली विकास बैंक (एडीबी)ले सडक निर्माणका क्रममा कति क्षति हुन्छ त्यसको आधारमा क्षतिपूर्ति दिने कुरा गरेको उहाँको भनाई छ । सडक विस्तारको कामलाई सबै मिलेर अगाडि बढ्न आवश्यक र हेको पण्डेले बताउनुभयो ।

# हर्नामाडी चिनाउने म्युजिक भिडियो सार्वजनिक

समाज संवाददाता

**हेटौंडाः हर्नामाडी चिनारी नामक म्युजिक (सांगीतिक) भिडियो सार्वजनिक भएको छ । सोमबार हेटौंडा–४ स्थित फ्युजन क्याफेमा पत्रकार सम्मेलन गरेर भिडियो सार्वजनिक गरिएको हो ।**

**हेटौंडा–१८ स्थित हर्नामाडी र त्यस क्षेत्रको ऐतिहासिक तथ्यलाई गीतमार्फत् उजागर गरिएको छ । सार्वजनिक भएको गीतको स्वर तथा शब्दरचना ओकिलराज बानियाँको रहेको छ । गीतमा अस्मिता थापाको समेत स्वर रहेको छ । सार्वजनिक गीतको म्युजिक भिडियोलाई बानियाँले नै निर्देशन गर्नुभएको छ ।**

**सांगीतिक भिडियोमा हर्नामाडी क्षेत्रको धार्मिक, ऐतिहासिक, सांस्कृतिक एवम् प्राकृतिक विशेषतालाई उजागर गरिएको पत्रकार सम्मेलनमा जानकारी गराइएको छ । गीतको म्युजिक भिडियोले मकवानपुरगढी दरबार, सेनकालीन राजा मुकुन्द सेनको इतिहास, धार्मिक क्षेत्र आदिको चिनारी समेटिएको निर्देशक बानियाँले बताउनुभयो ।**

**भिडियोमा हेटौंडाको पूर्वी हर्नामाडी क्षेत्रको गुम्बाडाँडा, मूर्ति बगैंचा (मूर्तिकला उद्यान), कालिकादेवी मन्दिर र त्यस ठाउँको आर्थिक, सामाजिक गतिविधिलाई देखाइएको बानियाँले जानकारी दिनुभयो । भिडियो निर्माणका लागि हेटौंडा उपमहानगरपालिका १८ नम्बर वडा कार्यालयले ३ लाख रुपैयाँ बजेट उपलब्ध गराएको उहाँले बताउनुभयो ।**

## *शिक्षकका...*

**निमावि शिक्षक दिनेश भण्डारीका छोरा कक्षा १० मा, कर्मचारीहरु नारायण पुडासैनीका छोराछोरी कक्षा ११ र १२ मा अध्ययनरत् छन् । संगीता न्यौपाने र रामप्रसाद अधिकारीका छोराछोरी कक्षा २ मा र नर्सरीमा अध्ययनरत् छन् ।**

**विद्यालयमा १२ जना प्रावि, ९ जना मावि, ८ जना निमावि, ६ जना निजी स्रोततर्फका शिक्षक तथा कर्मचारी रहेका छन् । विद्यालयबाट टाढा घर भएका शिक्षकका छोराछोरी भने नजिकै रहेका निजी विद्यालयमा अध्ययनरत् रहेको विद्यालयका प्रधानाध्यापक निरञ्जनप्रसाद ढकालले जानकारी दिनुभयो । विद्यालयको बस सेवा नभएका कारण साना बालबालिकालाई शिक्षकहरुले आफू अध्यापनरत् विद्यालयमा भर्ना गर्न नसकेको उहाँको भनाई छ । विद्यालयले आफू अध्यापनरत तथा कार्यरत विद्यालयमै भर्ना गराउने वातावरण निर्माण गरिरहेको उहाँले बताउनुभयो ।**

## *छक्का...*

खेलकुद सबै सुक्यो । सबै खेल ठप्पै । म पढाइमा पहिलो हुने छात्र थिएँ । त्यो परीक्षापछि अर्को कक्षामा गएसँगै उमेर पनि अर्को वर्ष चढ्यो । सबैतिरको माहोल यस्तो थियो कि अब त्यो कुरामा ध्यान दिनुपर्छ जुन कुराले जागिर दिन्छ ।

त्यो बेलामा खेलकुदबारे प्रायः सबैको मान्यता यस्तो थियो–

१. खेल खेलेर कसैले परिवार पाल्न सक्दैन ।

२. पढ्न नजान्नेहरुले खेल खेल्ने हो ।

३. खेलले जागिर दिँदैन ।

४. खेल्नेहरूलाई सरकारले गन्दैन ।

५. खेल्दा चोटपटक लागेर अंगभंग भयो भने कसैले हेर्दैन ।

६. खेल्नु भनेको भविष्य बिगार्नु हो । आफ्ना खुट्टामा आफैंले बञ्चरो हान्नु हो ।

पाँच जना छोराछोरीलाई पढाउँदा अनि तीन वटी छोरीको बिहे गर्दाको ऋणले बाआमाको टाउको यति भारी भइसकेको थियो कि, उहाँहरू बिहान चार बजेतिरै उठेर खै केके गुनगुन गुनगुन सल्लाह गर्नु हुन्थ्यो । त्यो सल्लाहमा 'पैसा' भन्ने शब्द दोहोरिरहेको म पल्लो कोठाको खाटबाट सुन्थेँ ।

यस्तो बेला म त्यो कुरामा होमिन सक्दिनँ थिएँ जे गरेर परिवार पाल्न सकिँदैन, जो पढ्न जान्नेहरू गर्दैनन्, जसले जागिर दिँदैन, जसलाई सरकारले गन्दैन, जुन काम गर्नु भनेको आफ्नो खुट्टामा आफैंले बञ्चरो हान्नु हो ।

र, यदि म क्रिकेटमा हाम फाल्नै चाहेको भए पनि हाम फाल्ने ठाउँ कहाँ हो, केही थाहा थिएन । जलथल हल्दिबारीसँग पैसाको बाजीमा क्रिकेट खेलेर राष्ट्रिय टिममा परिँदैन थियो । कसरी कोसँग खेल्ने हो बताइदिने कोही थिएन । अनि खेल्न कहाँ जाने ? चन्द्रगढी ? धनकुटा ? विराटनगर? कि काठमाडौं ? काठमाडौं त झापाबाट धेरै टाढा लाग्थ्यो ।

देशको टिमबाट क्रिकेट खेल्ने बाटो के हो भन्ने कुरा हामी गाउँमा बस्नेलाई कहिल्यै थाहा भएन । सपनासम्म पुग्ने पनि बाटो हुन्छ भन्ने कुरा देश बनाउनेहरुलाई थाहा भएन । उनीहरुले बाटो भनेको गिटी र अलकत्रा मात्रै बुझ्छन् । हुन त जसको दिमागमा जे छ, उसले त्यति मात्रै बुझ्ने हो । बाटो थाहा नपाएपछि मैले झापामै बोर्डिङ स्कुलमा जागिर खान थालेँ । मैले बलिङ गर्न चटक्कै छोडेँ । मेरो जिन्दगीको क्रिकेटमा नयाँ खेलाडी जन्मियो । त्यो खेलाडीको नाम थियो 'पैसा कमाउनुपर्ने दबाब ।'

त्यो दबाबले दाबेर बलिङ गर्न थाल्यो । त्यसपछि पैसा कमाउनुपर्ने दबाबले हरेक वर्ष बलिङ गऱ्यो र हरेक वर्ष मेरो सपनाको विकेट लियो ।

**म हार्दा हार्दा थाकेँ ।**

कुनैकुनै थकानले यसरी थकाउँछ कि सपनाले 'आऊ मेरो हात समाएर उठ' भन्दा पनि उठ्ने तागत पुग्दैन ।

र, मेरो नेपाली राष्ट्रिय टिमबाट क्रिकेट खेल्ने सपनाको पनि विकेट पतन भयो ।

केही वर्षपछि जब मास्टर्स पढ्न कीर्तिपुर आएँ, तब एकदिन त्रिविको क्रिकेट मैदानमा नेपाली राष्ट्रिय टिमले क्रिकेट खेलेको देखेँ । सानैमा रेडियोमा कमेन्ट्री सुनेको कुनै दमदार ब्याट्सम्यानले जस्तै मैदानको चारैतिर रन बनाइरहेका ज्ञानेन्द्र मल्ललाई त्यहीँ देखेँ । विपक्षी ब्याट्सम्यानले बल नै पढ्न नसक्ने बनाएर स्टम्प लडाइरहेको शक्ति गौचनलाई त्यहीँ देखेँ । आजको नेपाली क्रिकेट उभिने जग बनाइरहेका ती पुराना खेलाडीलाई त्यहीँ देखेँ । र, देखेँ जादुगरी मान्छे जो मैदानमा हुँदा घरको मूल खाँबोजसरी विश्वास गर्न सकिन्थ्यो । उसको नाम थियो-पारस खड्का ।

मैदान परको भुइँबाट ती सबै खेलाडीलाई दुई हात जोडेर नमस्कार गरेँ । मेरा जोडिएका दुई हातको बीचमा जुन हावा थियो त्यो हावा नभएर मैले यो देशका लागि क्रिकेट खेल्न नसकेको सपना थियो । त्यसपछि मैदानमै मैले आँखा चिम्लिएँ । अन्तिमपटक आफूबाट बिदा भइरहेको आफ्नो सपनालाई आफ्नो हातको त्यही हावामा महसुस गरेँ । हात खोलेर त्यो हावालाई त्रिविको त्यो क्रिकेट मैदानको हावामा मिसाइदिएँ ।

अहिले पनि जबजब त्रिवि मैदानमा नेपालको खेल हुन्छ, तब म त्यो भुइँमा जान्छु। दर्शकहरूसँग त्यो भुइँमा बसेर जब म 'नेपाल ! नेपाल !' भन्छु तब मनमा कतै लाग्छ कि मैले अर्पण गरेको हावा अझै यो मैदान वरपर छ । मलाई लाग्छ कि त्यो हावाले आज खेलिरहेका नेपालका खेलाडीलाई छुन्छ । अर्थात् मेरो सपनाले उहाँहरूलाई छुन्छ र उहाँहरूले जित्दा मेरो सपनाले जित्छ ।

मैले क्रिकेट खेल्ने सपना अर्पण गरेको केही वर्षपछि मैले नयाँ खेल भेटेँ ।

त्यो खेलको नाम थियो–कला ।

त्यसभित्रको एउटा प्रिय खेलाडी मलाई भेट्न आयो ।

उसको नाम थियो–कविता ।

मलाई अँगालेर उसले भन्यो, 'नबु, तिमीले बलिङ गर्न छोडेर के भयो त, अब ब्याटिङ गरौं । तिम्रो लागि म ब्याटिङ गर्छु ।'

त्यसपछि हरेक वर्ष 'सपना मार्ने दबाब' भन्ने खेलाडी मेरो विकेट लिन खोज्दै योर्कर बलिङ गर्छ । तर त्यतिखेरै कविताले एक कदम खुट्टा अघि सारेर ब्याटले झ्याम्म हान्छ र हुन्छ–छक्का !

*(स्रोतः सेतोपाटी)*

# राष्ट्रिय माविको अध्यक्षमा मुक्तान

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिका-६, सुनाचुरीमा रहेको राष्ट्रिय माध्यमिक विद्यालयको व्यवस्थापन समितिको अध्यक्षमा शिवलाल मुक्तान चयन हुनुभएको छ । बुधबार बसेको विद्यालय व्यवस्थापन समितिको बैठकले मुक्तानलाई अध्यक्ष चयन गरेको हो ।

अध्यक्ष चयन गर्नुअघिको बैठकले रामबहादुर लोप्चन र चन्द्र गोङ्बालाई शिक्षासेवी, सहयोगीमध्येबाट विद्यालय व्यवस्थापन समितिको सदस्यमा मनोनित गरेको थियो । गत वैशाख ११ गते विद्यालयको ५४ औं अभिभावक भेला भएको थियो । उक्त भेलाले अभिभावक मध्येबाट विद्यालय व्यवस्थापन समितिको सदस्यमा ४ जना सदस्य सर्वसम्मत चयन गरेको थियो । अभिभावक मध्येबाट प्रकाश घिमिरे, शिवलाल मुक्तान, अमृता लामा र सविता स्याङ्तानलाई सर्वसम्मत सदस्य चयन गरिएको थियो ।

वडा प्रतिनिधीमा वडाध्यक्ष युवराज थपलिया, शिक्षक प्रतिनिधीमा सुवास श्रेष्ठ रहनुभएको विद्यालयका प्रधानाध्यापक सूर्य मोक्तानले जानकारी दिनुभयो । २०७९ माघ २० गते विद्यालय व्यवस्थापन समितिको म्याद सकिएपछि अभिभावक भेलाले नयाँ समिति चयन गरेको हो । विद्यालयको वार्षिक परीक्षा संचालन गरी नतिजा प्रकाशन गर्नुपर्ने भएकाले विद्यालय व्यवस्थापन समिति चयनमा ढिला भएको उहाँको भनाइ छ ।

# क्यान मकवानपुरद्वारा टाइपिङ प्रतियोगिता सञ्चालन

समाज संवाददाता

**हेटौंडाः क्यान महासंघ मकवानपुर जिल्ला शाखाले अंग्रेजी टाइपिङ प्रतियोगिता सञ्चालन गरेको छ । 'सुरक्षित सूचना प्रविधि, सुशासन र समृद्धि' मूल नाराका साथ मंगलबार मनाइएको राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवसको अवसरमा प्रतियोगिता आयोजना ग रिएको हो ।**

**क्यान मकवानपुर अध्यक्ष शिवकुमार श्रेष्ठको सभाध्यक्ष र हेटौंडा उपमहानगर पालिका वडा नम्बर ४ का वडा अध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । कार्यक्रममा क्यान बागमती प्रदेश अध्यक्ष पुष्पराज पुडासैनीको विशिष्ट आतिथ्य थियो । मकवानपुर उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष अनिलकुमार अग्रवालको आतिथ्य थियो ।**

**प्रमुख अतिथि सिग्देलले विद्यार्थीको भविष्य नै राष्ट्रको भविष्य भएकाले बाटोघाटो, भवनमात्र नभई शैक्षिक क्षेत्रको गुणस्तर बढाउन स्थानीय तह लागिपरेको बताउनुभयो । उहाँले क्यान मकवानपुरसँग आउँदो समयमा सूचना प्रविधि क्षेत्रका विविध कार्यक्रमहरुमा सहकार्य गर्न ईच्छुक रहेको बताउनुभयो ।**

**प्रतियोगितामा मकवानपुर बहुमुखी क्याम्पसको सूचना प्रविधि विषयका प्राध्यापक ईन्द्रप्रसाद सापकोटा र हेटौंडा स्कूल अफ म्यानेजमेन्टका सूचना प्रविधि प्राध्यापक निरज श्रेष्ठ निर्णायक हुनुहुन्थ्यो । प्रतियोगितामा ४५ जनाको सहभागिता र हेको थियो ।**

**हेटौंडाका ८ वटा ईन्स्टिच्युट तथा अन्य विद्यार्थीहरुको सहभागिता रहेको प्रतियोगितामा मारियल युनिक कम्प्युटर ईन्स्टिच्युटमा अध्ययनरत म्याक्स राना मगर प्रथम, गुडविल कम्प्युटरमा अध्ययनरत पूर्णिमा तामाङ द्वितीय एवम् बागमती एजुकेशन कन्सल्टेन्सीमा अध्ययनर त सामना बल तृतीय हुनुभयो । प्रथम, द्वितीय र तृतीयलाई क्रमशः ५ हजार, ३ हजार र २ हजार रुपैयाँ नगद पुरस्कार र प्रमाणपत्र प्रदान गरिएको छ । कम्प्युटर सिस्टम, पेन्टागन एकेडेमी, टेकलाइट ग्रुप र रियल युनिक कम्प्युटर इन्स्टिच्युटले आर्थिक सहयोग गरेको प्रतियोगिता रियल युनिक कम्प्युटर इन्स्टिच्युटमा सञ्चालन गरिएको थियो । कार्यक्रमलाई क्यान मकवानपुरका सचिव गोविन्द चौलागाईंले सहजीकरण गर्नुभएको थियो ।**

सामुदायिक रेडियो, रेडियो निकास
९३.४ मेगाहर्ज सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

Government of Bagmati Province
Ministry of Health
Health Logistics Management Center
Bagmati province, Hetauda

**Invitation for Sealed Quotation**

*Date of publication: 2080/01/21 (4th May 2023)*

The Health Logistics Management Center invites electronic Sealed Quotation from eligible bidders for the procurement of following goods under Sealed Quotation procedures specified in Public Procurement Act and Regulations.Eligible Bidders may obtain further information at the office of Health Logistics Management Center,Hetauda, Nepal, Phone No: 977-057520547, e-mail address: info.hlmc@bagamati.gov.np or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

| IFB.No: | Description of Items | Quantity (unit) | Minimum Bid Security Amount (NRs.) | Cost of Bid documents (NRs.) | Bid Security Validity |
|---|---|---|---|---|---|
| HLMC/G/SQ-01/2079-80 | Procurement of Albendazole Tablets | As per Bid | 1,20,000.00 | 1000.00 | 2080/04/17 (August 2 2023) |

Director

समृद्ध प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर
विद्यालय जाने उमेरका बालबालिकालाई विद्यालय पठाऔं, भर्ना अभियान सफल पारौं । बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गरौं ।

# उपाधि विजेता मकवानपुर -११ लाई सम्मान




*सम्मानपछि सामाजिक विकास मन्त्रालय अगाडि मकवानपुर-११ को टिम ।*

समाज संवाददाता

हेटौंडाः छैठौं सिराह गोलबजार मेयर गोल्डकप फुटबल प्रतियोगिताको उपाधि विजेता मकवानपुर-११ का खेलाडीलाई सम्मान गरिएको छ । बुधबार बागमती प्रदेश सरकारको सामाजिक विकास मान्त्रालयले प्रशिक्षक, टिम म्यानेजर र विजेता खेलाडीहरुलाई जनही नगद ११ हजार ११ रुपैयाँ नगदसहित सम्मन गरेको हो ।

सम्मान कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै बागमती प्रदेशका सामाजिक विकास मन्त्री कुमारी मोक्तानले मकवानपुर-११ विजेता बन्नु खुसीको कुरा भएको बताउनुहुँदै यसलाई निरन्तर ता दिनु पर्ने बताउनुभयो । खेलसँगै भविष्य र स्वाभिमान हुनुपर्ने र राष्ट्रलाई छिटो चिनाउने क्षेत्र खेल क्षेत्र भएको उहाँले जोड दिनुभयो । खेल क्षेत्रमा आफ्नो र अर्काको भन्ने हुन नहुने बताउनुहुँदै आफ्नो अर्काको भन्दा पनि राम्रो खेलाडीलाई मौका दिन आवश्यक रहेको बताउनुभयो । संघीयता पश्चात खेल क्षेत्रमा राम्रो सुरुवात भएको र बागमती प्रदेशले सबै भन्दा धेरै खेल क्षेत्रमा लगानी गरेको मन्त्री मोक्तानले बताउनुभयो ।

यस्तै, सम्मान कार्यक्रममा बोल्नुहुँदै प्रदेश खेलकुद विकास परिषद्का सदस्य माधव तिमल्सिनाले मकवानपुरका खेलाडी मात्रै सहभागी भई विजेता हुन सफल भएको बताउनुभयो । यो टिम उत्कृष्ट भएको र मिहिनेत गरेर अगाडि बढ्न खेलाडी र प्रशिक्षकलाई उहाँले आग्रह गर्नुभयो । कार्यक्रममा मकवानपुर जिल्ला फुटबल संघका अध्यक्ष टिका लामाले देशभरमा फुटबल खेलमा उत्कृष्ट जिल्लामा मकवानपुर रहेको बताउनुभयो । पछिल्लो समय नेपालको 'बि' डिभिजन खेल्नका लागि मकवानपुरका खेलाडीलाई क्लबले मागेकोले खेलाडीको भविष्य राम्रो हुने उहाँले दावी गर्नुभएको छ । कार्यक्रममा मकवानपुरका लागि एन्फा प्रशिक्षक विजय लाल श्रेष्ठ, टिम म्यानेजर सुजन खड्की र मकवानपुर-११ का खेलाडीहरुको सहभागिता रहेको थियो ।

# ३ मन्त्री थपिए

समाज संवाददाता

काठमाडौंः प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नेपाली कांग्रेसका ३ जना नेतालाई मन्त्रिपरिषद्मा सहभागी गराएका छन् । कांग्रेस उपसभापति धनराज गुरुङ कानुन न्याय तथा संसदीय मामिला, मोहनबहादुर बस्नेत स्वास्थ्य तथा जनसंख्या र डिगबहादुर लिम्बु युवा तथा खेलकुदमन्त्री बनेका छन् ।

प्रधानमन्त्रीको सिफारिसमा उनीहरुलाई बुधबार नै राष्ट्रपतिले मन्त्री नियुक्त गरेका राष्ट्रपति कार्यालयले जनाएको छ । ३ जना मन्त्री नियुक्तिसँगै मन्त्रिपरिषद २२ सदस्यीय भएको छ । तर अझै मन्त्रिपरिषदले पूर्णता पाएको छैन । अझै वन तथा वातावरण र खानेपानी मन्त्रालय खाली छ ।

२२ सदस्यीय मन्त्रिपरिषदमा नेपाली कांग्रेसबाट ८ जना रहेका छन् । नेकपा माओवादी केन्द्रबाट प्रधानमन्त्रीसहित ५ मन्त्री र २ राज्यमन्त्री गरी ७ जना, जनता समाजवादी पार्टीबाट १ जना, नेकपा एकीकृत समाजवादीबाट २ मन्त्री र १ राज्यमन्त्री गरी ३ जना, नागरिक उन्मुक्ति पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी र नेपाल समाजवादी पार्टीका १/१ जना रहेका छन् ।

# हास्यव्यंग्य कविता प्रतियोगितामा १४ जिल्लाका कवि सहभागी हुँदै

समाज संवाददाता

हेटौंडाः सिस्नुपानी मकवानपुरले आफ्नो स्थापना दिवसको अवसर पारेर आयोजना गरेको खुला हास्यव्यंग्य कविता प्रतियोगितामा १४ जिल्लाका २५ कविका कविता अन्तिम चरणको प्रतिस्पर्धाका लागि छनोट भएको छ । मंगलबारसम्म प्राप्त ८१ वटा कवितामध्ये आयोजकले २५ वटा कविता छनोट गरेको हो । आयोजकले मकवानपुरका ६ जना, भक्तपुरका ३ जना, कास्कीका ३ जना, नवलपरासीका २ जना, पाँचथरका २ जना, गुल्मी, पर्वत, गोरखा, तनहुँ, उदयपुर, रुपन्देही, धादिङ, सुनसरी र धनकुटाका १/१ जना कविका कविता छनोट गरेको छ ।

छनोट भएका कविताहरु आउँदो शनिबार एक समारोहका बीच प्रतियोगितामा सहभागी कविले वाचन गर्ने सिस्नुपानी नेपाल मकवानपुरका सह-सचिव संप्रस पौडेलले जानकारी दिनुभएको छ । हेटौंडा उपमहानगरपालिका वडा नम्बर ४ को विशेष प्रवर्द्धनमा प्रतियोगिता आयोजना हुन लागेको हो । मकवानपुर बाट गायत्री नेपालले रक्सी, प्रभास घिमिरेले बाँदर, बैकुण्ठ लामिछानेले प्रिय देशबासीहरु, रस्मिता तिमल्सेनाले गज्जबको लोकतन्त्र, सविता तिमल्सेनाले हेटौंडाको कहानी र समर्पण न्यौपानेले टेन्सन नहोस् शीर्षकको कविता वाचन गर्नुहुनेछ । यस्तै, कास्कीबाट छविलाल आर्चायले खन्चुवा, मदन घिमिरेले सरकार निदाएको छैन र संयोग बस्यालले हामी कविता वाचन गर्नुहुने सिस्नुपानी नेपाल मकवानपुरले जनाएको छ ।

प्रतियोगितामा भक्तपुरबाट कविराज घिमिरेले मान्छे, डिल्लीप्रसाद मुलतिहुनले जाँडरक्सी महोत्सव र रामशरण न्यौपानेले राजनीतिको डढेलो वाचन गर्नुहुनेछ । धनकुटाबाट अनिल अदृश्यको श्रीमतीको अनुहार, पाँचथरबाट कमल घिमिरेको नेताज्यूलाई स्वागत छ र भरत रिजालको असफल प्रेमीको बकपत्र प्रतियोगिताका लागि छनोट भएको बताइएको छ । यसैगरी, गुल्मीबाट काशीनाथ मिश्रितको कुर्सी, नवलपरासीबाट टंकराज ढकालको अझै झिंगगे दाउ र सन्तोष खनालको सत्ताको स्वाद कविता वाचन गरिनेछ सहसचिव पौडेलले जानकारी दिनुभयो ।

प्रतियोगितामा पर्वतबाट तारानाथ पराजुलीले हामी, गोरखाबाट निशान निष्कर्षले बा होइन पितामह, तनहुँबाट युगेश आचार्यले प्रजातन्त्र शीर्षकको कविता प्रतियोगितामा वाचन गर्नुहुनेछ । उदयपुरबाट रमेश व्यङ्ग्यचरीको उहाँ जस्तै हुन नसक्दा, रुपन्देहीबाट रमेश समर्थनको श्रीमतीको सनक, धादिङबाट राजु झल्लुप्रसादको साम्यवादी रुख र सुनसरीबाट सुरज पराजुलीको फलानो शीर्षकको कविता वाचन हुने उहाँले बताउनुभयो ।

प्रतियोगितामा सहभागी हुन आउने कविलाई खाने बस्ने व्यवस्था मिलाइएको सिस्नुपानी मकवानपुरका अध्यक्ष राजकुमार लामिछानेले बताउनुभएको छ । प्रतियोगितामा प्रथम हुनेले नगद १५ हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गर्नेछ भने द्वितीय, तृतीय हुनेले क्रमशः १० हजार रुपैयाँ र ५ हजार रुपैयाँ पुरस्कार राशी रहेको छ भने सान्त्वना हुने दुईजनाले ३/३ हजार रुपैयाँ प्राप्त गर्नेछ ।

# लागुऔषध गाँजासहित दुई जना पक्राउ



समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको कैलाश गाउँपालिका-४, कटुन्जेमा लागुऔषध गाँजासहित दुई जना पक्राउ परेका छन् । मंगलबार राती विशेष सूचनाको आधारमा प्रहरी निरीक्षक दीपक केसीको कमाण्डमा खटिएको टोलीले स्थानीय ४२ वर्षीय राधाकृष्ण रिजाल र ३८ वर्षीय उत्तम रिजालको घरबाट लागुऔषध गाँजा ५ सय १२ केजी र नगद ५५ हजार ३ सय ६५ रुपैयाँ बरामद गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाकारी दिएको छ ।

प्रहरीले राधाकृष्ण रिजालको घरबाट १२ वटा बोरामा ३ सय २७ केजी ८०० ग्राम र उत्तम रिजालको घरबाट ६ वटा बोरामा १ सय ८४ केजी १०० ग्राम लागुऔषध गाँजा र नगद ५५ हजार ३ सय ६५ रुपैयाँ बरामद गरेको जनाएको छ ।

लागुऔषध गाँजा, नगदसहित दुवै जनालाई नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय ल्याई अनुसन्धान कार्य भइरहेका प्रहरीले जनाएको छ । यसअघि मकवानपुर प्रहरीले सोमबार बिहान मकवानपुरको थाहा नगरपालिका-७ मा वडाअध्यक्षसहित तीनजनालाई लागुऔषध गाँजासहित पक्राउ गरेको छ ।

# ४ जना बालबालिकाको उद्धार

समाज संवाददाता

हेटौंडाः संयुक्त अनुगमन टोलीले बुधबार हेटौंडा बजारक्षेत्रमा श्रमिकको रुपमा काम गरिरहेका ४ जना बालबालिकालाई उद्धार गरेको छ । हेटौंडा उपमहानगर पालिका, स्थानीय प्रशासन, श्रम कार्यालय, प्रहरी, अधिकारकर्मी, सञ्चारकर्मी सम्मिलित संयुक्त अनुगमन टोलीले हेटौंडा-१०, बसपार्क क्षेत्रमा रहेका होटलबाट ३ जना बालिका र एकजना बालकलाई उद्धार गरेको छ ।

डाँफे होटलमा कार्यरत १५ वर्षीय बालक र १५ वर्षीया बालिका, धादिङ होटल एण्ड लजमा कार्यरत १३ वर्षीया बालिका, गण्डकी होटल एण्ड लजमा कार्यरत १५ वर्षीया बालिकालाई उद्धार गरिएको हो । यस्तै एक साताअघि अनुमगन गर्दा मूनलाइट गेष्टल हाउसमा बालश्रम प्रयोग भएको थियो भने यसपटक भने नभेटिटएको प्रहरीले जनाएको छ ।


**समृद्ध समाज राष्ट्रिय दैनिक**

www.samriddhasamaj.com.np




ॐ
श्री परमात्मने नमः
**नयाँवर्ष शुभकामना पञ्चवर्षीय विराट महायज्ञ २०८०**
पांचौ संस्करण
(श्रीमद्भागवत महापुराण ज्ञानयज्ञ)

**श्री गोरक्षेश्वर क्षेत्र विकास समिति गोरक्षेश्वर दिव्यधाम**

राप्तीतट, हेटौंडा-१०, मकवानपुर

मान्यवर धर्मप्रेमी सज्जनवृन्द !

**यहाँलाई महायज्ञमा सविनय सादर निमन्त्रणा**

धर्म संस्कृतिका माध्यमबाट व्यक्ति, समाज र राष्ट्रमा सुख, शान्ति, समृद्धि एवम् सद्भाव हेतु प्रत्येक पाँच /पाँच वर्षमा सम्पन्न गरिदै आएको "नयाँवर्ष शुभकामना पञ्चवर्षीय विराट महायज्ञ २०६०, २०६५, २०७०, २०७५ हुँदै पाँचौ संस्करणको रूपमा २०८० वैशाख २० गतेदेखि २६ गतेसम्म हेटौंडा-१० स्थित **श्री गोरक्षेश्वर दिव्यधाम** राप्तीतटमा सुसम्पन्न हुँदैछ । अनभाविभूषित स्वामी *कमलनयनाचार्यज्यू*को प्रमुख संरक्षकत्व र वैदिक दर्शनका व्याख्याता **अग्निहोत्री डा. सीताराम खनाल**ज्यूको अभिभावकत्वमा सञ्चालन हुने महायज्ञमा **करपात्री स्वामी कृष्ण प्रपन्नाचार्य**ज्यूबाट भक्तिसंगीतमय श्रीमद्भागवत कथा प्रवचन हुनेछ । विभिन्न धर्म संस्कृतिका आचार्य गुरुहरू, सामाजिक व्यक्तित्वहरू एनआरएनसंग सम्बन्धित राष्ट्रिय/अन्तर्राष्ट्रिय व्यक्तित्वहरू, समाजसेवी, बुद्धिजीवी, प्राध्यापक, शिक्षक, उद्योगपति, व्यवसायीलगायत नेपालका अन्य जिल्लाहरुबाट समेत विशिष्ट व्यक्तित्वहरूको सामूहिक उपस्थिति महायज्ञको आकर्षक पक्ष रहनेछ ।

**२०८० वैशाख २१ गते** : बिहान ५ बजे वेदध्वनि, विष्णुसहश्रनाम पाठ, शिवस्तुति ८ बजे मण्डप पूजन तथा पाठपारायण, १ बजेदेखि ४ बजेसम्म भक्तिसंगीतमय भागवत कथा प्रवचन ४ बजेदेखि ५ बजेसम्म वैदिक प्रवचन, महाआरती, ५ बजेदेखि खैंजेडी भजन प्रतियोगिता, ६ बजेदेखि ८ बजेसम्म भजन कीर्तन ।

**आयोजक :**
नव शुभकामना पञ्चवर्षीय विराट महायज्ञ २०८०
**श्रीगोरक्षेश्वर क्षेत्र विकास समिति गोरक्षेश्वर दिव्यधाम**
राप्तीतट, हेटौंडा-१०, मकवानपुर


**मकवानपुर सहकारी अस्पतालमा मनोचिकित्सक**

मणिपाल कलेजबाट मानसिक स्वास्थ्य विषयमा एमडी गर्नुभई चितवन मेडिकल कलेजमा कार्यरत डा. उद्धव लामा यही हरेक महिनाको तेस्रो शनिबार मकवानपुर सहकारी अस्पतालमा आउनुहुँदैछ । मानसिक स्वास्थ्यसम्बन्धी समस्या भएकाको स्वास्थ्य परीक्षण तथा उपचारका लागि अनुरोध गरिन्छ ।

**मकवानपुर सहकारी अस्पताल**
हेटौंडा-१, भिन्तुनापथ
०५७-५२६५८७

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि **HRL**
**हेटौंडा रिफरेन्स ल्यावरोटरी,**
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

**आकर्षक जग्गा भाडामा**

हेटौंडा-२, बालजागृति बोर्डिङ स्कुलको लाईनमा ३ कठ्ठा खाली जग्गा भाडामा उपलब्ध छ । विशेषगरी ठूला कम्पनीहरुका लागि अति उपयुक्त छ । आवश्यक कम्पनिले यथाशिघ्र सम्पर्क गर्नुहोला ।

**इच्छुकले तु. सम्पर्क गर्नुहोला ।**
**सम्पर्कः ९८४१२७४८८३, ९८६१९४४५५८**

**स्वादिष्ट नेवारी खाजा**





अब होटल बासुकला (फास्टफुड) मा

स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।

नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३

**भर्ना खुल्यो !! भर्ना खुल्यो !!**

नयाँ वर्ष २०८० सालको उपलक्ष्यमा विद्यार्थी, अभिभावक, शिक्षक तथा समस्त शुभचिन्तकहरुमा हार्दिक मङ्गलमय शुभकामनासहित

शैक्षिक सत्र २०८० को लागि कक्षा नर्सरी देखि कक्षा ९ सम्म भर्ना खुलेको सहर्ष जानकारी गराउन चाहन्छौं ।

**Tulasi Mehar Memorial Secondary School**
Hetauda-10
Contact no:057-520737, 9855071876


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ